10 July, 2026

यो आकाशवाणी हो

मुख्य समाचार-

1. प्रधानमन्त्री नरेन्द्र मोदी तीन देशका भ्रमणको अन्तिम चरणमा आज पुग्नु भयो न्यजील्याण्डको अकल्याण्डमा

2. उपराष्ट्रपति सी.पी. राधाकृष्णनले गर्नुभयो शिमलास्थित IIAS-द्वारा आयोजित स्थायी प्रदर्शनी अन्तर्राष्ट्रिय सेमिनारको भर्चुअल रूपमा उद्घाटन

3. स्वास्थ्य तथा परिवार कल्याण मन्त्री जगत प्रकाश नड्डाको अध्यक्षतामा आयुष्मान भारत डिजिटल मिसनअन्तर्गत स्टेरिङ समूहको तेस्रो बैठक सम्पन्न

4. सर्वोच्च अदालतले अयोध्या राम मन्दिरमा भएको दान चोरीको कथित घटनाको निष्पक्ष अनुसन्धानका लागि दर्ता भएका याचिकाहरूमाथि गर्नेछ सोमबार सुनुवाइ
अनि
5. केन्द्र सरकारद्वारा उच्च अल्कोहल सामग्री भएका औषधिहरूको नियमनलाई अझ कडा बनाउन औषधि नियम, १९४५ मा संशोधित

----------

1. संशोधन: प्रधानमन्त्री - न्यूजील्याण्ड

प्रधानमन्त्री नरेन्द्र मोदी तीन देशहरूको अन्तिम यात्राका क्रममा आज न्यूजील्याण्डको अकल्याण्ड पुग्नुभयो। यो लगभग चार दशकमा भारतीय प्रधानमन्त्रीको न्यूजील्याण्डको पहिलो भ्रमण हो।

प्रधानमन्त्री मोदीलाई न्यूजील्याण्डका प्रधानमन्त्री क्रिस्टोफर लक्सनले विमानस्थलमा स्वागत जनाउनु भयो। भारतीय समुदायका सदस्यहरूले पनि उहाँलाई हर्षोल्लासका साथ स्वागत जनाए।

भ्रमणको क्रममा, दुवै नेताहरूले व्यापार, लगानी, शिक्षा, प्रविधि र आपसी सम्बन्धमा सहयोगलाई अझ बलियो बनाउने विषयमाथि गहन छलफल गरिने अपेक्षा गरिएको छ।

## 2. उपराष्ट्रपति - वन्दे मातरम्

उपराष्ट्रपति सी.पी. राधाकृष्णनले आज शिमलास्थित भारतीय उन्नत अध्ययन संस्थान (आईआईएएस) द्वारा आयोजित स्थायी प्रदर्शनी "वन्दे मातरम्: एउटा यात्रा" को उद्घाटन र "सरदार पटेलको दृष्टिकोण: एकता, एकता र संघीयता" विषयक अन्तर्राष्ट्रिय सेमिनारको उद्घाटन गर्दै भर्चुअल रूपमा सम्बोधन गर्नुभयो। उपराष्ट्रपतिले भन्नुभयो, वन्दे मातरम्-ले मातृभूमिप्रतिको प्रेम पवित्र राष्ट्र दायित्वमा रपान्तरण गरेको छ र पुस्तौँका स्वतन्त्रता सेनानीहरूलाई साहस, त्याग र आशासहित प्रेरित गर्यो। उपराष्ट्रपतिले सरदार वल्लभभाइ पटेललाई श्रद्धांजलि अर्पण गर्दै  नागरिकहरूलाई वन्दे मातरम्-को स्थायी सन्देश र सरदार पटेलको दूरदर्शी आदर्शलाई अगाडि बढाएर एकताबद्ध, आत्मविश्वासी तथा प्रधानमन्त्री मोदीको नेतृत्वमा प्रतिपादित विकसित भारत निर्माण गर्ने आफ्नो संकल्पलाई बलियो बनाउन आग्रह गर्नुभयो।

## 3. नड्डा - एबीडीएम समीक्षा बैठक

स्वास्थ्य तथा परिवार कल्याण मन्त्री जगत प्रकाश नड्डाले आज आयुष्मान भारत डिजिटल मिसनको प्रगति समीक्षा गर्न मिसन स्टेरिङ समूहको तेस्रो बैठकको अध्यक्षता गर्नुभयो। बैठकले आयुष्मान भारत डिजिटल मिसन विश्वको सबैभन्दा ठूलो डिजिटल स्वास्थ्य इकोसिस्टम मध्ये एउटा देखा परेको उल्लेख गरेको छ। लगभग ९४ करोड आयुष्मान भारत स्वास्थ्य खाता नम्बरहरू सिर्जना गरिएका छन् र १०५ करोड स्वास्थ्य रेकर्डहरू जोडिएका छन्।

बैठकलाई सम्बोधन गर्दै, श्री नड्डाले यस मिसन अन्तर्गत एउटा बलियो डिजिटल स्वास्थ्य सेवा पूर्वाधार निर्माण गरिएको र अर्को चरणमा यसको अधिक उपयोगमा केन्द्रित हुनुपर्ने बताउनु भयो। उहाँले प्रत्येक नागरिकका लागि समावेशीता, पहुँच र प्रयोगमा सहजता सुनिश्चित गर्दै विश्वव्यापी स्वास्थ्य कभरेज प्राप्त गर्न प्रविधिले शक्तिशाली उपकरणको रूपमा काम गरिरहनुपर्ने कुरामा जोड दिनुभयो।

### 4. गोयल - समीक्षा बैठक

वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयलले आज नयाँ दिल्लीमा राष्ट्रिय उत्पादकता परिषद्, उद्योग तथा आन्तरिक व्यापार प्रवर्द्धन विभाग र वाणिज्य विभागका अधिकारीहरूसँग समीक्षा बैठकको अध्यक्षता गर्नुभयो।

सामाजिक सञ्जालको एउटा पोस्टमा, श्री गोयलले बैठकमा अन्तर-विभागीय सहकार्य सुधार गर्ने, संस्थागत क्षमताहरू सुदृढ गर्ने, र उत्पादकत्व तथा सेवा प्रवाह बढाउने बारेमा छलफल भएको बताउनु भएको छ।

### 5. सर्वोच्च अदालत-राम मन्दिर

अयोध्या राम मन्दिरमा भएको दान चोरीको कथित घटनाको निष्पक्ष र समयसीमाबद्ध अनुसन्धानका लागि दर्ता भएका धेरै याचिकाहरूमाथि सर्वोच्च अदालतले सोमबार सुनुवाइ गर्नेछ। 7 जुलाई मा, अयोध्या अदालतले राम मन्दिरमा भएको दान चोरीको आरोपमा पक्राउ परेका आठ अभियुक्तमध्ये तीनजनालाई एक दिनको प्रहरी हिरासतमा पठाएको थियो।

### 6. भारत - संयुक्त राष्ट्र संघ - CRSV

भारतले द्वन्द्व-सम्बन्धित यौन हिंसा (CRSV) को कडा निन्दा गरेको छ, यसलाई युद्ध, आतंकवाद, यातना र राजनीतिक दमनको हतियारका रूपमा दुरुपयोग गरेको बताएको छ।

द्वन्द्व-सम्बन्धित यौन हिंसा सम्बन्धी संयुक्त राष्ट्र सुरक्षा परिषद्को खुला बहसमा बोल्दै, संयुक्त राष्ट्र संघका लागि भारतका स्थायी प्रतिनिधि, राजदूत पी. हरीशले दण्डहीनताको प्रचलित संस्कृतिमा यस्तो हिंसा कायम छ, जसको भारतले यस्ता जघन्य कार्यहरूको कडा निन्दा गर्दछ भन्नुभयो।

## 7. भारतीय तटरक्षक दल - सम्मेलन

भारतीय तटरक्षक दलले आज नयाँ दिल्लीस्थित आफ्नो मुख्यालयमा एक दिने सम्मेलन आयोजना गऱ्यो। सम्मेलनमा देशका अग्रणी शिपयार्ड र जहाज डिजाइन संस्थानका प्रतिनिधिहरूले भाग लिएका थिए। सम्मेलनले भविष्यका समुद्री तटरक्षक दलका जहाजहरूमा छलफल गरेको थियो।

रक्षा मन्त्रालयले सम्मेलन उदाउँदो परिचालन चुनौतीहरू, उन्नत जहाज डिजाइन अवधारणाहरूको डिजिटल प्रमाणीकरण, आधुनिक प्रविधिहरू अपनाउने र भविष्यका बहुउद्देश्यीय तटरक्षक दलका जहाजहरूको सञ्चालन क्षमताहरू बढाउनमा केन्द्रित रहेको बताएको छ।

## 8.ह्वाट्सएप - सूचना प्रविधि मन्त्रालय

**सामाजिक सञ्जाल प्लेटफर्म ह्वाट्सएपले** प्रयोगकर्ता नाम सुविधा कार्यान्वयनको सम्बन्धमा सरकारलाई आफ्नो प्रतिक्रिया बुझाएको छ। इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्रालयका स्रोतहरूले मेटाको स्वामित्वमा रहेको सामाजिक सञ्जाल प्लेटफर्मबाट हिजो राति प्रतिक्रिया प्राप्त भएको र हाल यसको जाँच भइरहेको बताएका छन्।

यस महिनाको पहिलो दिन, सरकारले भारतमा ह्वाट्सएपमा प्रयोगकर्ता नाम सुविधा कार्यान्वयनको सम्बन्धमा मेटालाई सूचना जारी गरेको थियो। मन्त्रालयले यस विषयमा परामर्श पूरा नभएसम्म मेटालाई प्रयोगकर्ता नाम सुविधा लागू नगर्न पनि निर्देशन दिएको छ।

## 9. भाजपा-पश्चिम बंगाल राज्यसभा

भारतीय जनता पार्टीले पश्चिम बंगालमा हुने राज्यसभा उपचुनावका लागि सुखेन्दु शेखर राय, सुष्मिता देव र प्रकाश चिक बरैकलाई उम्मेदवार घोषणा गरेको छ। यी सिटहरूको लागि उपचुनाव यसै महिनाको २४ तारिखमा हुनेछ। तीनै जना नेताहरू हिजो तृणमूल कांग्रेस छोडेर भाजपामा सामेल भएका हुन्।

10.मौसम

मौसम विभागले आज उत्तराखण्डमा भारी वर्षा हुने र केही ठाउँमा अत्यधिक वर्षा हुने पूर्वानुमान गरेको छ। आगामी दुई दिनमा हरियाणा, हिमाचल प्रदेश, उत्तर प्रदेश, बिहार, उप-हिमालयी पश्चिम बंगाल, सिक्किम र उत्तरपूर्वी भारतका उत्तर भागहरूमा पनि भारी वर्षा हुने अनुमान गरिएको छ।

11.खेल

महिला क्रिकेटमा भारतले लण्डनको लैट्स मैदानमा 16औँ टेस्ट मैच खेलिरहेको छ। भारतीय महिला टिमले यस खेलमा टच जितेर बलिङ् गर्ने निर्णय लिए। अहिलेसम्म प्राप्त समाचारअनुसार भारतले तीन विकटमा 122 रन बनाएको छ।

फिफा फुटबल विश्वकपको क्वाटर फाइनमा आज राती 12.30 बजी स्पेन र वेल्जियममाझ भिडन्त हुनेछ । यो भन्दा अघि आज फ्राञ्सले मोरोक्कोलाई 2 गोलले पराजित गरेर सेमिफानइनमा प्रवेश गरेको छ।

---------